दैनिक
# संगम सोच
SANGAM SOCH DAILY

वर्ष :– ०७ / अंक :–३४ / २०७७ बैशाख २३ गते, मंगलवार/ ०५ मेई सन् २०२०, मूल्य :– रु. ५ / पृष्ठ :– ४


## पिपरीयामा राहतको विषयमा दुइ पक्ष विच झडप



**रौतहट ॥** रौतहट जिल्लाको वौधिमाई नगरपालिका वडा नं.६ पिपरीयामा सोमवार राहतको विषयलाई लिएर दुइ पक्ष विचमा झडप भएको छ । झडपमा केही व्यक्ति समान्य घाइते समेत भएको छ ।

कोरोना भाइरसको जोखिम नियन्त्रण गर्नका लागी नेपाल सरकार ले घोषणा गरेको पुर्ण लकडाउनको मारमा परेका गरिव, विपन्न वर्ग , असंगठित क्षेत्रका ज्यालादारी गर्नेलाइ खाधान्न समाग्री राहत उपलव्ध गर ाउने नेपाल सरकार तथा प्रदेश सर कारको निति निर्देशन अनुसार राहत वितरण भइ रहेको भन्दै असन्तुष्ट पक्ष र निर्वाचित वडा अध्यक्ष समर्थक विच झडप भएको हो ।

नेपाल कम्युनिष्ट पार्टी एमालेको तर्फवाट वडा अध्यक्षको प्रत्यासी जगाधर राय यादवले वडा अध्यक्ष हृदय नारायण राय यादवले आफनो नाता गोता पार्टी कार्यकर्ताहरुलाई सरकारको निति निर्देशनलाइ वेवस्ता गर्दै राहत वितरण गरी रहेको आरेप लगाएका छन । उहाले सर्वदलिय वैठकको निर्णय अनुसार गरीव दलित विपन्न वर्गलाइ राहत वितरण गर्नु पर्नेमा सोको विपरीत कार्य गर्न लागेको आफुहरु विरोधमा उत्रिनु परेको बताए ।

स्थानिय जमिल अख्तर देवानले राहत वितरणमा विभेद भएकोले विरोध गर्दा स्थानिय प्रहरीले लाठी प्रहार समेत गरेको आरोप लगाए ।

प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड अपनाएर राहत वितर ण हुनु पर्ने स्थानियहरुको माग रहेको छ । केदारनाथ राय यादव,उमाशंकर राय यादव लगायतका स्थानियहरुले बडा अध्यक्ष यादव माथि राजनितिक आडमा विभेद पुर्ण राहत वितरण गरेको दावी गरेका छन

वडा अध्यक्ष यादवले भने आफु माथि लगाएको आरोपमा सत्यता नभएको दावी गरेको छ । मापदण्ड अनुसार सर्वदलिय बैठकवाट निर्णय भए अनुसार राहत वितरण भइरहेकोमा प्रतिपक्षी दल नेकपाका केही स्थानिय नेताले आफनो कार्यकर्तालाई उचालेर विरोध गराएको बताए । राहत पाउने लक्षित वर्ग ४५० रहेकोमा विपक्षीले २७० जना सम्पन्न परिवारलाई थप राहत दिनु पर्ने अडान राखेर राहत वितरणमा अवरोध खडा गरेको जिकिर गरे ।

## लकडाउनका कारण पशुपालन व्यवसाय संकटमा

**रौतहट ॥** लकडाउनका कारण रौतहटमा पशुपालन व्यवसाय संकटमा परेको छ ।

सरकारले लकडाउनको समय लम्ब्याएपछि पशुपालन व्यवसायका लागि आवश्यक दाना, भुसा, पराल लगायतका कुराहरु जोहो गर्न मुस्किल हुदै गएकोले पशुपालक ाख्न र उत्पादित दुधको व्यवस्थापन गर्न मुख्य समस्याको भएको छ ।

शर्माले भने पशुहरुलाई खोर ाकको कमिले स्वास्थ्यमा प्रतिकुल असर पर्नुको साथै दुध उत्पादनमा पनि कमि आएको छ भने उत्पादित दुधको व्यवस्थापन पनि हुन सकेको छैन । चन्द्रपुर वडा नम्बर ८ का अर्का



कृषक मर्कामा परेका हुन् । लकडाउन थपिएसंगै दाना, भुसा, पराल लगायत आपुर्तिमा समस्या आएपछि गाईपालन व्यवसाय संकटमा परेको कृषकहरुको भनाई रहेको छ ।

जिल्लाको चन्द्रपुर नगर पालिका वडा नम्बर ६ बेल्डिका कृषक दिनानाथ शार्माका अनुसार,पशुपालन व्यवसाय गर्न आबश्यक कुराहरु आपुर्ति गर्न असहज भएपछि पशुहरुलाई फुकाएर छोड्ने स्थितिमा पुगेका छौ ।

लकडाउनले दाना पराल ल्याउन नपाएपछि पशुहरुलाई बचाईर पशुपालन कृषक थानेश्वर पहाडीले भने 'नेपाल सरकारले मान्छेहरुका लागि राहतको सुविधा गरे जस्तै पशुपालन व्यवसायको लागिपनि केहि राहत व्यवस्थ गरे भने ठिकै हो । होइन भने फुकाउने छोड्ने भन्दा विकल्प छैन हाम्रो ।

पहाडीका फाममा गाईभैंसी गरी ८ वटा पशु रहेको छ ।

दाना,भुसा,पराल,ढुटोको अभावमा पशुहरुको खुराकको मात्रा घटाउँदा दुध उत्पादनमा पनि कमि

**बाँकि ३ पेजमा**

## नाला गुणस्तरहीन भएको गुनासो



रौतहट ॥ रौतहटको गुजरा नगर पालिका वडा नम्बर ४ जंगलसैया बजारमा निर्माणाधीन नाला गुणस्तरहीन भएको स्थानियको गुनासो रहेको छ ।

ओपिसी सिमेन्ट प्रयोग गर्नुपर्नेमा पिपिसी सिमेन्ट प्रयोग भएको स्थानीयले बताएका छन ।

ठेकेदार चुनचुन जैसवालसंग कुराकानी गर्दा ५ देखी ७ बोरा सिमेन्ट नपुगेपछि पिपिसी सिमेन्ट प्रयोग गरिएको जानकारी दिए ।

उपभोक्ता समिति मार्फत स्थानीय लक्ष्मण साहको घरदेखि मोहन लाउरेको घरसम्म नेपाल सरकार समानीकरण अनुदान मार्फत १५ लाख रुपैंयाको लागतमा उक्त नाला निर्माण भईरहेको छ । यसरि नालामा भईर हेको अनियमितताको बारेमा गुजरा नगरपालिका वडा नम्बर ४ का वडा अध्यक्ष पवन गिरीलाइ जानकारी गर ाउँदा बजेट उपमेयर मार्फत विनियोजन भएकाले आफुले यसबारे केहि बोल्न नसक्ने बताए ।

लकडाउनको समयमा मानिसहरु घरभित्र बस्दा बिकास निर्माणका काममा अनियमितता भईरहेको प्रति स्थानीयले छानबिनको माग गरेकाछन ।

## भोलनटार क्षेत्रमा बन अतिक्रमण रोकियो



**रौतहट ॥** लकडाउनको मौका छोपेर बन अतिक्रमणको प्रयासलाइ बन कार्यालय रौतहटले बिफल बनाएको छ । धन्सर डिभिजन कार्यालय अर्न्तगत भेलनटार क्षेत्रमा अतिक्रमणकारीहरुले करीव २ हेक्टर बन क्षेत्र मा काठको बार लगाएर अतिक्रमणको प्रयास गरेका थिए । भोलनटार देखी पस्चिम र अरुणबस्ति देखी दक्षिणको बन क्षेत्रमा अतिक्रमणको पैयास भएको थियो । शनिवार सो स्थानमा अतिक्रमण गर्न लगाइएको बारहरु हटाएको रौतहटका डिभिजन बन प्रमुख बिनोद सिंहले जानकारी दिए । केही बर्ष अघि बृक्षारोपण गरीएको स्थानमा हाल अतिक्रमणको प्रयास भएको र त्यसलाइ रोकेको डिएफओ सिंहको भनाइ छ । सो अतिक्रमण रोक्नका लागी स्थानियले समेत साथ दिएको बताइएको छ ।


### परोहा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

लौकाहा, रोतहट

प्रदेश नं. २ नेपाल

**करारमा सेवा लिने सम्बन्धी सुचना**

यस परोहा नगरपालिकाले संगम सोच दैनिकको वर्ष ७ अंक ३३ मिति २०७६ बैशाख २२ गतेमा प्रकाशित गरेको करार नियुक्ति गर्नु पर्ने सूचनामा योग्यता पुगेको नेपाली नागरिकले सूचना प्रकाशन भएको १० दिन भित्र रित पूर्वकको दरखास्त फर्म पेश गर्नु पर्नेमा अन्यथा हुन गएकोमा सच्याईएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

परोहा नगरपकालिका







बृन्दावन नगरपालिकाको कार्यालय

विश्रमापुर रौतहटद्धारा जनहितमा जारी सन्देश



**गाउँ नगर टोल छर छिमेक सफा राखौं ।**

प्रदुषणबाट हुने रोगबाट आफु पनि बचौं अरुलाई पनि बचाऔं ।

– माधवनारायण नगरपालिकाको कार्यालय माधोपुर रौतहटद्वारा जनहितमा जारी सन्देश